# स्थानीय राजपत्र
# भीमदत्त नगरपालिकाद्धारा प्रकाशित

**७ नं. प्रदेश, महेन्द्रनगर,कञ्चनपुर माघ २२ गते २०७४ साल संख्याः १०**

## भाग ३

## आधारभूत तहको परीक्षा संचालन सम्बन्धी कार्यविधि, २०७४

<u>प्रस्तावना :</u>

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) (ज) मा भएको व्यवस्था अनुरुप नगरपालिकाले शिक्षा सम्बन्धी गर्नुपर्ने उल्लेखित २३ कार्यहरु मध्ये १४ नम्बरमा रहेको आधारभूत तहको परीक्षा संचालन तथा व्यवस्थापन समेत भए बमोजिम उक्त परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन गर्न भीमदत्त नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि वनाई लागु गरेकोछ ।

### परिच्छेद १

### नाम, प्रारम्भ, परिभाषा र उद्देश्य

१.१ नाम र प्रारम्भ

१.१.१ यो कार्यविधिको नाम “आधारभुत तहको परीक्षा संचालन कार्यविधि, २०७४” रहेकोछ ।

१.१.२ यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

१.२ परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१.२.१ ऐन भन्नाले शिक्षा ऐन २०२८ आठौं संशोधन २०७३ समेतलाई सम्झनु पर्दछ ।

१.२.२ “नियमावली” भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्दछ ।

१.२.३ “आधारभूत शिक्षा” भन्नाले ऐनमा उल्लेख भए बमोजिमको शिक्षा सम्झनु पर्दछ ।

१.२.४ “परीक्षा” भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्दछ ।

१.२.५ “समिति” भन्नाले आधारभूत तहको परीक्षा समिति सम्झनु पर्दछ ।

१.२.६ “नगरपालिका” भन्नाले भीमदत्त नगरपालिका सम्झनु पर्दछ ।

१.२.७ “शिक्षक” भन्नाले विद्यालयमा अध्यापन कार्यमा संलग्न प्रधानाध्यापक समेतलाई सम्झनु पर्दछ ।

१.२.८ “ विद्यालय” भन्नाले सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालय सम्झनु पर्दछ ।

१.३ उद्धेश्य : यो कार्यविधि निर्माण गर्नुका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :

१.३.१ आधारभूत तहको अन्त्यमा लिइने नगर स्तरीय परीक्षाको संचालन, व्यवस्थापन, अनुगमन तथा प्रमाणीकरण गर्ने ।

### परिच्छेद २

### परीक्षा संचालन प्रक्रिया

२.१ आधारभूत तहको परीक्षा संचालन र व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको आधारभूत तहको परीक्षा समिति रहनेछ :-

क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

ख) प्रशासकीय अधिकृत -सदस्य

ग) आधारभुत र माध्यमिक तहका विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तीमा १ जना महिला सहित प्रमुख प्रशासकीय अधिकृतले मनोनित गरेका ३ जना -सदस्य

घ) आधारभूत तथा माध्यमिक शिक्षा शाखामा कार्यरत स्रोत व्यक्तिहरु २ जना -सदस्य

ङ) नगरपालिकाको शिक्षा शाखाको प्रमुख -सदस्य-सचिव

२.२ माथि २.१(ग) वमोजिम गठित समितिका मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

२.३ २.१ वमोजिम गठिन समितिले आवश्यक ठानेका व्यक्ति/पदाधिकारी वा सम्बन्धित विषयका विशेषज्ञलाई परीक्षा समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

भीमदत्त नगरपालिका

२.४ परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

२.५ आधारभूत तहको  परीक्षा संचालन समितिको काम कर्तव्य र अधिकार :

आधारभूत तहको परीक्षा संचालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धमा नीति, नियम र प्रक्रियाहरु निर्धारण गर्ने,

ख) परीक्षा केन्द्र, केन्द्राध्यक्ष, निरीक्षक र सहायक कर्मचारी तोक्ने,

ग) संस्थागत विद्यालयका परीक्षार्थीका लागि परीक्षा शुल्क निर्धारण गर्ने,

घ) परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापनका लागी आवश्यक खर्चको व्यवस्था तथा निर्धारण गर्ने,

ङ) परीक्षाको गोपनीयता कायम रहने गरी प्रश्नपत्रको निर्माण, छपाई तथा वितरण गर्ने,

च) विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा संचालन गर्ने,

छ) परीक्षाफल प्रकाशित गर्ने गराउने तथा उत्तीर्ण परीक्षार्थीहरुलाई प्रमाणपत्र दिने,

ज) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

झ) उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण गर्ने गराउने,

ञ) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यक्तानुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा
त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

ट) दैवी प्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा संचालन गर्न वा परीक्षाफल प्रकाशित  गर्न बाधा परेमा तुरुन्तै आवश्यक निर्णय लिने,

२.५ परीक्षा समितिको सदस्य सचिवको काम कर्तव्य र अधिकार :

आधारभूत तहको परीक्षा संचालन समितिको सदस्य सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) प्रश्नपत्र निर्माणका लागि सम्बन्धित विषय शिक्षकलाई जिम्मेवारी दिने,

ख) परीक्षाको अभिलेख अद्यावधिक राख्ने,

ग) निष्पक्ष,अनुशासित र मर्यादित तरिकाबाट परीक्षा संचालन गर्ने,

घ) आफूलाई प्राप्त अधिकार आवश्यक्तानुसार परीक्षा समितिको कुनै सदस्यलाई सुम्पने,

ङ) परीक्षा संचालन सम्बन्धमा परीक्षा समिति वा सोको अध्यक्षको निर्देशन बमोजिम काम गर्ने ।

२.६ अनुगमन समिति :

आधारभूत तहको अन्तिम परीक्षा व्यवस्थित, मर्यादित र स्तरीय गराउन परीक्षा सञ्चालनको  सम्पूर्ण पक्षको अनुगमन तथा निरीक्षणका लागि एउटा अनुगमन समिति रहनेछ । उक्त अनुगमन समिति देहाय बमोजिम रहनेछ :-

१. नगरप्रमुख  वा नगर प्रमुखले तोकेको व्यक्ति - संयोजक

२. नगर प्रमुखले तोकेका शिक्षा क्षेत्र संग आवद्ध भएका १ जना महिला सहित ३ जना -सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

## परिच्छेद ३
## विविध

३.१ परीक्षा समितिले आवश्यक ठानी समितिको निर्णय वमोजिम भए गरेका अन्य काम कारवाही यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

आज्ञाले

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

श्रीमहत नगरपालिका